आज मिति २०८२ साल चैत्र ७ गते शनिबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ५७ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्रीकृष्ण पौडेल | |

CamScanner

# कार्यपालिका बैठक प्रस्ताव सूचि

## मिति २०८२।१२।७ गते

**बैठक संख्या:५७**

समयः विहान ८:०० बजे

१. बालमैत्री नगरपालिका घोषणा सम्बन्धी हालसम्मको प्रगति समिक्षा सम्बन्धमा।
२. बालमैत्री स्थानीय शासन घोषणा पश्चातको दिगोपनका लागि पञ्चवर्षिय रणनीतिक योजना २०८२।८३स्विकृत र कार्यान्वयन सम्बन्धमा । ८७।२०८६-
३. बालसंरक्षण कार्ययोजना २०८२ स्विकृत सम्बन्धमा ।
४. बालमैत्री स्थानीय शासनको प्रतिवेदन सम्बन्धमा ।
५. सम्पूर्ण वडा र नगरलाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने सम्बन्धमा ।
६. प्रदेश समपुरक र प्रदेश विशेष तर्फ कार्यान्वयन हुने योजना छनोट सम्बन्धमा ।
७. विविध ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

*मिति २०८२।१२।७ गते बैठक संख्या: ५७*

# कार्यपालिका बैठक- ५७

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणा गर्ने जिम्मेवारी पुरा गर्न नीतिगत रुपमा अवलम्वन र सोको प्रकृयागत कार्य अगाडी बढाउन नगरपालिकाको मिति २०८०।२।१९ गतेको निर्णयअनुसारको प्रतिवद्धता बमोजिम कार्यान्वयनको अवस्था एवम हालसम्म भएका सम्पूर्ण उपलब्धीहरुको छलफल समिक्षा गरियो । नगरपालिका स्थितिपत्र वडागत सूचक प्रमणीकरणका कागजातहरु अध्ययन छलफल गरियो । साथै आगामी दिनमा यथाशिघ्र बालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक कार्य प्रभावकारी कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

नगरपालिका स्थित सम्पूर्ण वडाहरु हाल बालमैत्री स्थानीय शासनका ५१ वटै सूचक प्राप्त गरी घोषणाको अन्तिम चरणमा पुगेको, वडाको अन्तिम प्रतिवेदन समेत तयार भएको, वडागत तथ्याङ्क सर्भे सहित नगरको एकिकृत स्थिति पत्र तयार भई स्विकृत एवम् सार्वजनिकीकरण भएको र वडा स्तरमा सरोकारवालाहरुमार्फत बालमैत्री स्थानीय शासनको घोषणा पश्चातको दिगोपनका लागि रणनीतिहरु तय गरि एकिकृत रुपमा नगरस्तरमा समेत आ.व. २०८२।८३ देखि २०८६।८७ सम्मका लागि नगरपालिको पञ्चवर्षिय रणनीतिक योजना तयार भएकोले आगामी वर्षहरुमा पनि बालमैत्री स्थानीय शासनको दिगोपना सुनिश्चितताका लागि निरन्तरता दिने गरि जैमिनी नगरपालिका पञ्चवर्षिय रणनीतिक योजना (आ.व. २०८२।८३ देखि २०८६।८७) स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ३

जैमिनी नगरपालिकालाइ बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषाणाको क्रममा नगर बालअधिकार समितिमार्फत पेस भई आएको जैमिनी नगरपालिका बालसंरक्षण कार्ययोजना २०८२ स्विकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति २०८२।१२।७ गते बैठक संख्या: ५७

निर्णय नं. ४

जैमिनी नगरपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गरेपश्चात आ.व. २०८०।८१, ८१।८२ र ८२।८३ मा सम्पादित सम्पूर्ण बालमैत्री योजना, कार्यक्रम तथा क्रियाकलापहरुको भौतिक, वित्तिय प्रगतिको समग्र प्रतिवेदन नगरसभामा पेस गरी समिक्षा गरिएको र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ मा व्यवस्था गरिएको अनुसूची ७ बमोजिम तयार भई पेस भएको उक्त प्रतिवेदन स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौ, सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा र जिल्ला समन्वय समितिको कार्यालय बागलुङमा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

जैमिनी नगरपालिकाले अवलम्वन गरेको बालमैत्री स्थानीय शासनयुक्त वडा, नगरपालिका घोषणा अन्तिम चरणमा पुगेको र सबै वडाको अन्तिम सूचक मापन भई ५१ वटै सूचक पूरा भई सोको प्रमाणित हुनुका साथै प्रत्येक वडाबाट नगरपालिका मार्फत जिल्ला समन्वय समिति बाग्लुङबाट अनुगमन गराइदिन अनुरोध पत्र समेत प्राप्त भएकोले जैमिनीनगरपालिका स्थित वडा नं १, २, ३, ४, ५, ६, ७, ८, ९, १० (सबै वडा) र सिङ्गो नगरलाई यसै आ.व. २०८२/०८३ को बैशाख भित्र (कुनै विषम परिस्थिति आइपरेमा कार्यपालिकाले निर्णय गरेको समयावधिमा) बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने प्रस्ताव स्वीकृत गरि सोको अनुमोदनका लागि विशेष नगर सभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

बालमैत्री स्थानीय शासन राष्ट्रिय अवधारणा यस जैमिनी नगरपालिकाको सम्पूर्ण वडामा कार्यान्वयन भइ हाल घोषणा चरणमा आइ वडाहरुको अन्तिम प्रतिवेदन तथा तथ्याँक अद्यावधिक प्राप्त भइसकेकाले सोको आधारमा सबै वडालाइ समेटी अन्तिम एकीकृत स्थिति पत्र तयार भइ स्वीकृतिका लागि पेश हुन आएकोमा बैठकबाट प्राप्त आवश्यक सल्लाह सुझाव समेत समावेश गरी सम्बन्धित निकायमा पेश गर्नका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति २०८२।१२।७ गते बैठक संख्या: ५७

निर्णय नं. ७

आर्थिक बर्ष २०८३/०८४ का लागि गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग मार्फत यस नगरपालिकामा प्रदेश समपुरक र प्रदेश विशेष तर्फ कार्यान्वयन हुने योजना छनोट गरी पठाउने ब्यहोराको पत्र प्राप्त भएकोमा निम्नानुसारका आयोजना तथा कार्यक्रम प्रदेश समपुरक तथा प्रदेश विशेष अनुदानका लागि प्रस्ताव माग गरी पठाउने निर्णय गरियो ।

| क्र स | योजनाको नाम समपुरक तर्फ | कैफियत |
|---|---|---|
| १ | न्वारढिक धुल्लु विहारथला सडक | प्रदेश समपुरक |
| | योजनाको नाम विशेष तर्फ | |
| १ | वडा नं ९ को स्वास्थ्य चौकी भवन सहितको पुर्वाधार स्थापना | प्रदेश विशेष |

निर्णय नं. ८

बाग्लुङ जिल्ला जैमिनी नगरपालिका वडा नं ७, जैदै भेडिखाल्ट निवासी विमल शाहीले आफ्नो आमा बाबुको पहिचान नभएको उल्लेख गरी बंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्तिको लागि कार्यपालिका बैठकबाट जिल्ला प्रशासन कायालय, बाग्लुङमा सिफारिश पाउँ भनि निबेदन दिनु भएकोमा सम्बन्धमा ७ नं वडा कार्यालयबाट मिति २०८२।११।२८ मा जन्म प्रमणीकरण, मिति २०८२।८।१५ को नागरिकता सिफारिश, जिल्ला प्रहरी कार्यालय बागलुङको मिति २०८२।१२।९ गतको स्थलगत सर्जमिन मुचुल्का समेतको आधारमा सिफारिश गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत